आदरणीय शेयरधनी महानुभावहरू,

**विषयः विवरण (माइन्यूट)**

महाशय,

मिति २०८२ साल पौष ३० गते बुधबार सम्पन्न भएको यस बैंकको तेत्तीसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरुको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# तेत्तीसौं (३३) वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

**१. वैधानिक सभा** :

हिमालयन बैंक लिमिटेडको २०८२ पौष ८ गते बसेको संचालक समितिको ४८८ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको तेत्तीसौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठको अध्यक्षतामा सु-सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान** :

मिति : २०८२ साल पौष ३० गते बुधबार (तदनुसार जनवरी १४, २०२६)

समय : बिहान ११:०० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

**३. सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम** :

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानून बमोजिम त्यसको सूचना कारोबार दैनिकमा मिति २०८२/०९/०९ र नयाँ पत्रिका दैनिकमा मिति २०८२/०९/११ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो तथा बैंकको केन्द्रीय कार्यालयबाट समेत प्रदान गरिएको थियो ।

**४. छलफलको विषय-सूची** :

क) <u>सामान्य प्रस्ताव</u>

१) तेत्तीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरू श्री हिमालयन क्यापिटल लि., श्री हिमालयन सेक्युरिटिज र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) छलफल गरी स्वीकृत गर्ने,

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि

लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक CA Ranjeev & Associates पुनः नियुक्त हुन सक्ने),

ख) **विशेष प्रस्ताव**

१) बैंकको संस्थापक तथा सर्वसाधारण शेयरधनीको शेयर अनुपात ७०:३० कायम भएको हुँदा परिवर्तित पूँजी संरचनाको अनुपातमा सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने हालको संचालक समितिको विद्यमान संरचनालाई नियामक निकायहरूको निर्देशन बमोजिम परिमार्जन गर्नुपर्ने भएकोमा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (अनुसूचीमा उल्लेख भए बमोजिम) गर्ने तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

२) बैंकले आर्थिक वर्ष २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरू र विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. ७४,८७,०१६.३३ (अक्षरेपी चौहत्तर लाख सतासी हजार सोह्र रूपैया तेत्तीस पैसा मात्र) अनुमोदन गर्ने । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरूबाट स्वीकृति लिँदा वा अभिलेख गर्ने प्रक्रियामा उक्त निकायहरूले फेरबदल गरेमा आवश्यक समायोजन गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत संचालक समितिलाई अधिकार दिने,

ग) **विविध,**

## ५. उपस्थिति :

**५.१. संचालकहरू :**

| | |
|---|---|
| १. श्री प्रचण्ड बहादुर श्रेष्ठ | अध्यक्ष |
| २. श्री जितेन्द्र धिताल | संचालक |
| ३. श्री सुनिल बहादुर थापा | संचालक |
| ४. श्री प्रताप जंङ् पाण्डे | संचालक |
| ५. श्री आशिष शर्मा | संचालक |
| ६. श्रीमती जेसमिन हाडा बज्राचार्य | संचालक |

५.२. **पर्यवेक्षक :**

१. श्री चक्र बहादुर घर्ती — प्रतिनिधि - कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री गायत्र श्रेष्ठ — प्रतिनिधि - कम्पनी रजिष्ट्रारको कार्यालय

३. श्री कुल चन्द्र रिजाल — प्रतिनिधि - नेपाल स्टक एक्स्चेन्ज

४. सुश्री स्वीकृती सुवेदी — प्रतिनिधि - सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेड

५.३. **लेखापरीक्षक :**

१. श्री प्रसिद्ध विक्रम शाह : प्रतिनिधि, सि ए रन्जिव एण्ड एसोसिएटस चाटर्ड एकाउन्टेन्टस्

५.४. **बैंक उच्चपदस्थ पदाधिकारीहरू :**

१. श्री अशोक शम्सेर राणा — प्रमुख कार्यकारी अधिकृत

२. श्री उज्वल राज राजभण्डारी — नायव प्रमुख कार्यकारी अधिकृत

३. श्री अनुप मास्के — नायव प्रमुख कार्यकारी अधिकृत

४. श्री विपिन हाडा — सहायक प्रमुख कार्यकारी अधिकृत

५. श्री सुनिल प्रसाद गोर्खाली — सहायक प्रमुख कार्यकारी अधिकृत

६. श्री सतिश राज जोशी — सहायक प्रमुख कार्यकारी अधिकृत

७. श्रीमती सिसम प्रधानांङ्ग जोशी — सहायक प्रमुख कार्यकारी अधिकृत

८. श्री जयेन्द्र विक्रम शाह — सहायक प्रमुख कार्यकारी अधिकृत

९. श्री ज्ञानेन्द्र श्रेष्ठ — सहायक प्रमुख कार्यकारी अधिकृत

५.५. **शेयरधनीहरूको उपस्थिति तथा गणपुरक संख्या :**

३३ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूको संख्या तथा साधारण सभामा भएको शेयरधनीको प्रतिनिधित्वको विवरणः

| विवरण | कुल शेयर संख्या | ३३ औं वार्षिक साधारण सभामा उपस्थिति | | |
|---|---|---|---|---|
| | | शेयर संख्या | सभामा कुल शेयरको प्रतिनिधित्व | शेयर धनीहरुको उपस्थित संख्या |
| **संस्थापक समूह** (७०%) | १५,८०,६९,९०८.१३ | १२,६२,२९,८९७ | ५५.९०% | १० |
| **सर्वसाधारण समूह** (३०%) | ६,७७,४६,७१७.१९ | ३४,००,०२८ | १.५०% | २,४९५ |
| **कुल** | **२२,५८,१६,६२५.३२** | **१२,९६,२९,९२५** | **५७.४०%** | **२५०५** |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

## ६) सभाको वैधानिकता र अध्यक्षताः

साधारण सभा शुरू हुनु अघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी

महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको नियमावली तथा प्रचलित नेपाल कानून अनुसार ३३ औं वार्षिक साधारण सभा बोलाइएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिंदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

## ७) सभा संचालन :

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभा तथा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले सबैको स्वागत गर्नु हुँदै तेत्तीसौं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठज्यूले सभाका विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । सो सभामा उपस्थित बैंकका अध्यक्षज्यू, संचालक समितिका सबै सदस्यज्यूहरू, बैंकका प्रमुख कार्यकारी अधिकृतज्यू, बैंकका उच्चपदस्थ तथा अन्य कर्मचारीहरू र शेयरधनी महानुभावहरूलाई सम्बोधन गर्दै निम्न शेयरधनीहरूले सभामा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

**सर्वसाधारण शेयरधनीहरु**

## ८) शेयरधनीहरूबाट व्यक्त जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

८.१) श्री विरोचन श्रेष्ठ

- बैंकको AGM मा आउनु पर्ने Reason चाँहि आवश्यकता भएरै मात्र आएको हो । बैंकको बारेमा बोल्न साह्रै अप्ठ्यारो हुने तर तितै भए पनि सत्य चाँहि सुन्नै पर्छ । अध्यक्ष महोदयले सो स्थितिमहसुस गरी स्वयं आफैले खेद प्रकट गरिसक्नु भयो । बैंकको स्थिति आजको दिनमा आउँदा एकदमै दुःखद छ । ८ अर्ब ८५ करोड सानो नभई धेरै ठूलो amount भएको र त्यति रकम बराबरको retain earning negative मा छ । यसलाई surplus मा नल्याए सम्म हामीले १ रूपैया पनि dividend पाउँदैनौ । हामीले यो वर्ष जम्मा १२ करोड profit गऱ्यौं । यो लज्जाको विषय हो । यो परिणामहरू आउनुमा सम्पूर्ण रूपमा जिम्मेबार भनेको तँपाईहरू नै हो । तँपाईहरूको Track record पनि राम्रो थियो । तर आफैले आफैलाई नराम्रो बनाउँदै जानु भएको हो । त्यसमा पनि अन्य कारणहरू पनि छ हेर्नुस । कि त नियत खराब हो अथवा नेपालको राष्ट्र बैंकले पनि regulation राम्रो संग नगरिदिएर हो ।
- हाम्रो total capital नै ३६ अर्ब ६२ करोड छ । यही हाम्रो total capital को १०% मात्रै भए पनि तँपाईहरूले नाफा निकालेर देखाउनुहोस् । त्यति पनि गर्न सक्नुहुन्न भने हामी shareholder हरूले कडा रूपमा भन्नै पर्छ यहाँहरू कि त छोडेर जानु पऱ्यो अब हामी सक्दैनौ भनेर । किन भने बैंक चलाउन दिन

प्रतिदिन धेरै गाह्रो हुँदै गई राखेको छ । अझै आउने वर्षहरू राम्रो देखिएको छैन । हाम्रै मुलुकमा पनि अब त झन के के भइराखेको छ । अब यस्तो परिस्थिति बैंकिङ्ग sector को लागि त संकटकाल नै हो भन्दा पनि फरक पर्दैन होला । यहाँहरू चाँहि यो संकटकालमा बैंकलाई profit मा लानको लागि आवश्यक decision गर्न सक्षम हो कि होइन ? योजना बनाउन सक्षम हो कि होइन ? बनाएको योजना तत् तत् विषयमा कार्यान्वयन गर्न सक्षम हो कि होइन ? यी सबै क्षमताहरूको अभावहरू हुँदै गएर त बैंक आजको स्थितिमा पुगेको हो । नाम चाँहि हिमालयन बैंक हेर्नुस्, हिमाल त अग्लो हुन्छ । एउटा मात्रै indicator होइन almost major सबै indicators जुन माथि हुनु पर्ने स्वाट्टै तल छ जुन तल हुनु पर्ने स्वाट्टै माथि छ । त्यसैले यहाँहरूको capabilities मा मलाई र बाँकी shareholder साथीहरूलाई ठूलो doubt भई सकेको छ । मैले भनेका कुराहरू यहाँहरूलाई सजग गराउनको लागि हो । म यहाँहरूको दुश्मन होइन । मेरै कम्पनी हो । सायद विगतका वर्षहरूमा शेयरधनी साथीहरूले यसरी कुरा नराखेर पो हो की । राखेको भए त तँपाईहरू जाग्नु पर्ने हो नि ।

- यहाँहरूले ३ अर्ब ३६ करोड बराबरको write off गर्नु भएको छ । Write off लाई यति amount सम्म लानुमा तँपाईहरू आफुले आफैलाई कति जिम्मेवार ठान्नु हुन्छ ? मलाई त लाग्दैन तँपाईहरूले आफूलाई जिम्मेबार ठान्नु भएको छ भनेर किन भने जम्मा १ करोड ३२ लाख रूपैंया बराबरको मात्रै Write Back भएको छ । बैंकको Executives, Department Head, Especially Recovery को Recovery Head हरू के गरेर बस्नु भएको छ ?

- हामी हिमालयन बैंक ३३ वर्ष भइसकेको पुरानो बैंक भएकोले राष्ट्र बैंक, मन्त्रालय पनि हाम्रै हातमा छ । ऐन नियम कानुन हामीलाई किन लाग्छ भन्ने सोच भए त्यो गलत सोचाई नपाल्नुस् । यो तँपाईहरूलाई मैले दिएको warning हो । Public त्यस्तो अराजक हुन जानिसकेको छ । मैले त्यो अराजकता यहाँ बयान गर्न खोज्या होइन, म आफै त्यसको against मा हो तर यहाँहरू त्यस्तो अराजकता बैंक माथि नहोस् भन्ने तर्फ सचेत नभई नहुने कुरा हो । Public को आक्रोश त्यो level मा छ । त्यो आक्रोश बैंकमा पोखिन थाल्यो भने के हुन्छ ? अब यति हुँदा यहाँहरूले नै खेद प्रकट गर्नु भएको छ । माफी पनि मागि सक्नु भएको छ । हामीलाई एउटा ठाउँमा त केही सन्तुष्टि हुने ठाउँ तँपाईहरूले दिनु पर्थ्यो । Apple company को Steve Jobs ले कम्पनी धाराशायी हुँदा खेरी १ Dollar मा काम गरेको थियो । यहाँहरूले पनि पढ्नु भएकै होला ।

- Shareholder लाई केही नदिएको ३–३ वर्ष भइसक्यो । Steve Jobs ले जस्तो सदासयता देखाउनुस् । Then I will trust, all the shareholders will trust you. You have still the capabilities. त्यो दायित्व बोध तँपाईहरूले अझै गरिराख्नु

भएको छैन । भत्ताहरू खान छोडिदिनुस न । अर्को वर्ष यो भन्दा दुर्गती हुने सिवाय प्रगति हुने देखिदैन । अब राष्ट्र बैंकले Directives बाट यो provisioning हरूमा अलिकति relaxation दिएको छ । तर त्यो International audit ले देखाउने negativity लाई छोप्नको लागि हो भन्ने सबैलाई थाहा छ । त्यो balance मा ल्याउनको लागि ल्याएको Directives हो । That is in favour of you. Not in favour of us. हामी त के dividend दिए लिने हो । अर्को ३ वर्ष पनि दिने वाला छाँटकाँट फिट्टिकै देखिदैन । लगभग ९ अर्ब चानचुन negative retained earning भएपछि कसरी आश गर्ने ? आजको AGM बाट यति वर्ष सम्म हामी केही दिन सक्दैनौ भनेर तपाईहरूले predict गरेर भनिदिए हुन्छ । तर यति वर्ष भित्रमा चाँहि हामी त्यो negative retained earning लाई कमसेकम positive बनाउँछौं र यसको लागि हामीले यसरी Plan बनाएको छौ भनेर भन्नु पर्यो । पहिला के हुन्थ्यो भने साथीहरू सरकारी बैंकहरू यसरी बिग्रन्थ्यो । अहिले हेर्नुस त तुलनात्मक रूपमा सरकारी बैंक राम्रो छ । Private बैंकहरू चाँहि सरकारी भन्दा खत्तम भएको छ । यो Corporate Governance को कुरा गर्नुभयो नि यहाँहरूले zero भन्दा नि तल गइसक्यो । अब Accountability को कुरा गर्दा तपाईहरू कसरी चुक्नु भएको छ भन्नै पऱ्यो । त्यसैले राष्ट्र बैंकले तँपाईहरूलाई regulation गरोस या नगरोस् । तपाईहरूले आफैले self-regulation गर्न शुरू गर्नुपऱ्यो । Each and every corner मा किन भने कुन कुन corner मा के के भइरहेको छ भन्ने तँपाईहरूलाई थाहा हुनुपर्छ ।

- Too big to fail भनिन्छ नि । संस्था ठूलो भयो भने डुब्दैन भन्थ्यो । Informally १४ वटा commercial बैंक चाँहि खत्तम अवस्थामा जाँदै रहेछ । यो मेरो data होइन । अर्थमन्त्रालयको data हो । हामीलाई त डुबाउनै नसक्ने रहेछ । कारबाही गर्नै नसक्ने रहेछ । त्यसो भए र त हामीले जे जे गरिरहेका छौ गर्दै गरौला के नै हुन्छ र भन्ने सोचाई छ । अर्थात बैंकहरू दलदलमा फसिसक्यो । त्यहाँ बाट निस्कन धेरै मेहनत गर्नुपर्छ र धेरै प्रयास गर्नुपर्छ । त्यसमा तँपाईहरूको नैतिकता र इमान्दारिताले मात्र काम गर्न सक्छ । आशा गर्छु यहाँहरू इमान्दार हुनुहुनेछ । आशै गर्ने हो विश्वास त तँपाईहरूको next year को annual report को data हरूबाट थाहा हुनेछ । हामीले सिभिल बैंकलाई मर्ज गऱ्यौ । त्यो बैंक सकियो । त्यस्तो दिन नआओस कि हिमालयन बैंकको पनि नाम रहला कि नरहला भन्ने । त्यो अभिप्रायले यहाँहरूलाई म सजग गराउँछु । सजग भई दिनुहोला ।

- भरखर बोलेको कुराहरू यहाँहरूलाई थाहा नभएको हुँदै होइन । Everything you know well. यति सोच्न नसक्ने होइन । तर मान्छेको nature चाँहि के हुन्छ भने नि साथीहरू बिर्सने हुँदो रहेछ । त्यही भएर तँपाईहरूलाई यो कर्ण प्रिय नभए पनि यो पटक पटक दोऱ्याई दोऱ्याई भनि राखेको छु । बाँकी साथीहरूले नि यस्ता कुराहरू फेरि दोऱ्याउनुहोस् ताकि आज निन्द्रा नलागोस् । नत्र त

साथीहरू, बैंक त सिद्धिने भयो । तँपाईहरूमा capabilities नभएको होइन । तर यो अवस्था handle गर्नको लागि त्यो capabilities पुगेन । त्यसैले तपाईहरू कै favour को कुरा गरेर shareholder र नेपाली नागरिकको सान्त्वनाको लागि तँपाईहरूले लिइ राख्नु भएको तलब, भत्ताहरू चाँहि लिंदैनौ भन्नुपर्‍यो । मैले CEO लाई पनि अलिकति झक्झकाए । किनभने तँपाई बाँकी CEO हरू भन्दा उमेरमा पनि Senior हो । तँपाईले यस्तो initiation लिनु भयो भने बाँकी बैंकहरूले अनुसरण गर्न पुग्छन् । हामी पनि दिल खोलेर हेर्नुस हिमालयन बैंकको CEO ले यस्तो गर्नु भयो भनेर भन्न पाउँछौ । यो मेरो advice हो । Legally तँपाईले लिन पाउनु हुन्छ तर फेरि legally हामीले पनि अरू केही गर्न पाउँछौ । गरेको कामको result छैन भने नबस्नुस् । छोडेर जानुस । राजिनामा दिनुस । त्यो भन्ने पनि shareholder को बाध्यता हो । त्यसैले यी कुराहरूलाई मध्यनजर गर्नुस । योजना बनाउनुस् । बेला बेलामा हामी अझै बैंक धाउनु पर्ने स्थिति देखेको छु । बैंकमा के भइरहेको छ, कसो भइरहेको छ भनेर बुझ्न यसो महिनाको १ चोटी आउनुपर्ने देखिन्छ । यत्तिकै त यहाँहरू सच्चिने वाला देखिदैन । फेरि सुतिदने पो हो कि ? आवश्यकता अनुसार आउँछौ पनि हेर्नुस् । सम्पूर्ण कुराहरू यहाँहरू संग भरपर्ने देखिएन । यो सुझावहरू सहित, सुझाव ठान्नुस, warning ठान्नुस तर योजना सहित कार्यान्वयनमा जानुस् भन्दै मेरा कुराहरू यहि टुङ्याउँछु । धन्यवाद ।

८.२. श्री ध्रुव राज न्यौपाने

- यो ३३ औ वार्षिक साधारण सभाको अध्यक्षता गर्नुहुने अध्यक्षज्यू लगायत Dias मा आसीन संचालकज्यू तथा अन्य गन्यमान्य व्यक्ति, उपस्थित शेयरधनी साथीहरू तथा कर्मचारी साथीहरू सबैलाई मेरो नमस्कार । अघि मेरो साथी, भाई विरोचनले त तँपाईहरूलाई घच्याट्दा घच्याट्दा घच्याट्दा भित्तै सम्म पुर्‍याइदिनु भयो । उहाँले भन्नु भएको सब ठीक छ । उहाँले भन्नु भएको एउटा main सन्देश जे भए पनि यस्तो घाटामा गएको बेलामा, यस्तो negative भएको बेलामा आफ्नो बैठक भत्ताहरू, तलब भत्ताहरू छोड्दा के हुन्छ भन्ने आशय हो । किन त्यस्तो भयो त भनेर मैले यसो किताब पल्टाए । अब यस्तो घाटामा रहँदा पनि तँपाईहरूले २०–२२ वटा बैठक बसेर ३६ लाख त भत्तामा खर्च गर्नुभएको रहेछ । अनि प्रमुख कार्यकारी अधिकृतको खर्च चाँहि सवा २ करोड भेटेको रहेछ । अरू ५४–५५ करोड चाँहि खर्च भएको रहेछ । त्यसलाई पनि मैले समर्थन गरे । यो सबै कुरा छोड्न सकिन्न । काम गर्नेले खानुपर्छ । केही कुरा राम्रो संग गर्नको लागि हाम्रा यी भत्ताहरू स्थगित गरेका छौ भन्नु भयो भने जनमानसमा राम्रो असर पर्छ । आज धेरै ठाउँमा साधारण सभा जुधेको छ । म यहि आएँ किनभने यो मेरो प्रिय बैंक हो । मेरो First ५ वटा लगानी भएको बैंक मध्ये यो एउटा बैंक हो । माया लाग्छ । किनभने यसले नेपालमा बैंकिङ्ग culture राम्ररी सुधार गरिरहेको थियो ।

- तर यहाँ आएर तँपाईहरूले uneasy feeling गर्नु भयो नि । इमान्दारिताका साथ म खेद प्रकट गर्छु क्षमा माग्छु पनि भन्नु भयो । त्यति भन्दा हामी क्षमा दिन चाहन्छौ । उहाँको इमान्दारितालाई चाँहि म धन्यवाद दिन्छु । म खुशी पनि छु । त्यस्तो चाहिन्छ । यहाँ कतिपयले सबै बिग्रिए पनि हामी अर्को वर्ष १०% बोनस दिउँला भन्छन् । राम्रो गर्छौ भन्छन् । यसलाई ढाकछोप गर्न अनेक तानाबाना बुन्ने चलन छ । यहाँले इमान्दारिताका साथ आफ्ना सारा कुरा खोल्नु भएको छ । यो भएको त्यो भएको भनेर । त्यो सुनेर मलाई खुशी लाग्यो । तर तँपाईले जुन last मा १०% लाभाशं दिन सक्ने क्षमता हामी संग छ तर त्यो अहिले withhold भएको छ भन्नु भयो नि, म त्यही भएर आशावादी छु । केही कुरा सच्याईयो भने पाइन्छ पनि, नपाईने होइन । म आशावादी भएर केही कुरा गर्छु । यो report राम्रो छ है । जति छ simple छ, राम्रो छ । अरूले यति मोटो मोटो निकालेका छन् । हामी shareholder को के हुन्छ भने केही बोनस दिन्छ कि दिदैन भन्ने agenda बाट थाहा भई हाल्छ । अरू हामीले हेर्नको लागि के छ त । अनि तँपाईले यहाँ दिनु भएको विषयसूची राम्रो छ, स्पष्ट छ । हाम्रो ध्यान चाँहि ३ वटा indicators मा केन्द्रित रही बैंकको future के छ भन्नेमा हुन्छ । त्यसपछि graph हरू पनि दिनुभएको छ । Perfect छ । अरू सबभन्दा राम्रो मलाई खुशी लागेको कुरा के भने म बारम्बार १० वर्षको data माग्ने गर्थे त्यो तँपाईले हालिदिनुभएको छ । त्यति हेर्दा पनि बैंकको पूरा clear picture थाहा हुन्छ । पहिला कस्तो थियो, कस्तो हुँदै हुँदै आयो, कहाँ देखि ओरालो लाग्यो, अहिले के अवस्था छ । अरू धेरै जसोले यो data दिँदैनन् । यो नियमित रूपमा १० वर्षको राख्दा राम्रो हुन्छ । मैले हेरे १० वर्षको data, हेर्दा assets त बढेको छ नि । १० वर्ष पहिलाको assets र अहिलेको हेर्दा त बढेको छ । हरेक वर्षको Compounded Average Growth निकाल्दा त १० वर्षको हाम्रो growth त ११% भन्दा बढि रहेछ । राम्रै भएको छ । Income चाँही ११% ले बढ्या रहेछ । तर ७ अर्ब सम्म कमाइ सकेको यो बैंकले अहिले १२ करोडमा आएको छ । त्यति हुँदा खेरि पनि हाम्रो सुरू देखि १० वर्ष पहिलाको income को average growth को compounded average निकाल्दा ११% ले बढेकै देखिन्छ । त्यसकारण चाँहि म अझै आशावादी छु ।

- अर्को यो net profit चाँहि स्वट्टै घटेको छ । यो ०७७–०७८ मा कस्तो राम्रो peak मा भएको बैंक त्यसपछि त ओरालो लागेको लाग्यै ०७७–०७८ data राखेर तँपाईले ५ वर्षको data दिएको भए ०७७–०७८ पछि सबै zero हुन्थ्यो । Core capital तँपाईको चाँहि near to the ground ७% मा आईसकेको छ । ६% भन्दा तल आयो भने त राष्ट्र बैंकले कारबाही गर्छ । Supplementary Capital २%–३% छ । राष्ट्र बैंकले १०%–११% हुनुपर्ने भन्छ । यो scenario मा सुधार आएन भने राष्ट्र बैंक will knock you out.

- Data base हेर्दा सबै राम्रो छ । एउटा जुन नचाहिने graphs, P:E ratio हेर्नु भयो भने एकै चोटि ह्वाट्ट बढेको छ । यो यसरी बढ्न नहुने । अब ४०० रूपैया खर्च गरेर १ रूपैया कमाउन हामी खोज्छौ त । कसैले यो शेयर किन्दै किन्दैन । त्यो भएर price पनि घट्दै छ । अब हामीले dividend दिए पछि अलिकति सुधार होला ।

- अनि अर्को कुरा यो चलाखी हो की strategy हो मैले भन्न सकिन, बुझ्न सकिन । अरू सबैले ३ महले फारम चाँहि Last मा दिन्छन् । Agenda भयो, पास भयो अनि तलबाट हेर्नु पर्छ । तँपाईले चाँहि agenda आउनु भन्दा पहिला माथि दोश्रो पेजमा नै दिनुभएको छ । यसो हेरे, सबै पढे मैले, यहाँ के देखे भने हबिव बैंक आउट भएको रहेछ । हबिव बैंक हुँदा ५ जना संस्थापक संचालक हुँदो रहेछ । हबिव बैंकको शेयर रू. ११८ चानचुनमा नेशनल लाइफले किनेको हो । ३ अर्ब भन्दा बढि लगानी गरेको छ । हामी नेशनल लाइफको पनि शेयरधनी हो अनि हामीले गाली पनि गरेको थियौं । हबिव बैंकले डुब्न लाग्यो भनेर उ भागी रहेको छ । उ भाग्ने तँपाई भित्र किन पस्ने भनेर हामीले गाली गर्थ्यौं । ३–३ अर्ब हाम्रो पैसा त्यता किन लगाउने भन्यौ । तर नेशनल लाइफ यता आउँदा ठीकै छ । हबिव बैंकबाट तँपाईहरूलाई केही फाइदा भएको छैन होला । किनभने पाकिस्तानको हालत खराब छ । नेशनल लाईफ जस्तो नेपालभरी network भएको संस्था एकदम पुरानो विमा कम्पनी, त्यो भित्र छिर्नु भनेको तँपाईहरूको व्यवस्थापनलाई राम्रो सहयोग हुन्छ । त्यो कारणले खुशी पनि भएको छु । तर मलाई दुःख के मा लाग्यो भने कार्तिकमा हबिव बैंक गईसक्यो । नेशनल लाइफलाई चाँहि संचालक समितिमा राख्नु नै भएको छैन । For the time being समितिमा हालिदिएको भए, राखिदिएको भए के फरक पर्थ्यो ? उसको त अहिले १५% जति हाराहारीमा शेयर छ । उसलाई तँपाईले पाखा लगाउनु भएको छ । सबैभन्दा ठूलो shareholder लाई पाखा लगाउनु न्यायोचित हुँदैन । राष्ट्र बैंकले के हेरिरहेको थियो । त्यसपछि संचय कोष छ । अझै बिग्रिएको छैन ल्याउनुहोला । त्यो तँपाईको आफ्नो कुरा हो । तेत्रो shareholder को व्यवस्थापनलाई उपयोग गर्नुभयो भने केही न केही सहयोग हुन्छ ।

- हामी ३७६ अर्बको assets हुँदा पनि किन यति negative मा छौ । अरू ५ वटा बैंकले ५०० अर्ब नघाईसके । हामी त्यहाँ पुग्न धेरै बाँकी छ । अब यो report मा एउटा कुरा के लागेको छ भने हाम्रो पूँजि चाँहि २१ अर्ब हुँदा तर २२ अर्ब चाँहि impairment charge छ । पूँजि भन्दा पनि त्यसलाई टपेर impairment लाई छुट्याउनु परेको छ । यो त अच्चाक्ली भयो । यसलाई घटाउन सक्ने अवस्था छ भने घटाउन कहाँ सकिन्छ, हेर्नुस् ।

- तँपाईहरूले equity मा धेरै कम लगानी गर्नु भएको छ । अरू बैंकले ७–८

अर्ब, ५–७ अर्ब लगानी हुँदा तँपाईहरूको जम्मा २० करोड मात्रै छ । पोहोर सम्म ३५ करोड रहेकोमा १५ करोड बेच्नु भयो । अलिकति बेचेर नाफा आएको होला त्यसले तँपाईहरूको केही indicators सुधार गरेको होला । यता लगानी गर्ने ठाउँ छैन भन्छौँ तर यत्रो लगानी गर्ने ठाउँ छ । २–४ अर्ब लगानी गर्ने ठाउँ छ । राम्रा scripts किन्ने trading गर्ने, किन्ने फेरि बेच्ने । किन्ने बेच्ने गर्दा हुन्छ नि । २० करोड को equity बैंकको लागि ठूलो होइन । २० करोड जति त हामी संगै हुन्छ । हाम्रा साथीहरू संगै छ । बैंकले त्यो गर्नु भएन । Equity मा अलि investment बढाउनु पऱ्यो । हामीसंग क्षमता छैन भने हामीले अरूले कमाएको ल्याओ भन्ने हो । अर्को कुरो reserve negative नै छ । Retain earning negative छ त्यसलाई ल्याउन सकिन्छ । LLP लाई चाँहि write back गर्न सक्यो भने ठाउँ छ । LLP पनि ३ अर्ब भन्दा बढी छुट्याउनु परेको छ । तँपाईहरूको NBA बढ्दै छ । Last year साँढे २ अर्ब मात्रै NBA भएको अहिले साँढे ५ अर्ब छ । हामीले त्यसलाई dispose गर्नै सकेको छैनौ । Dispose गर्नलाई concession पनि गर्नु पऱ्यो । भए भरको सबै dispose गर्छु भनेर नहुन पनि सक्छ । अलि aggressive निर्णय गरेर तँपाईहरूले अलिकति भएपनि dispose गर्नुभयो भने राम्रै होला । खुशी के लाग्यो भने अध्यक्षज्यूले हामीले merger पछिका समस्याहरू समाधान गरेको छौ भन्नु भयो । उहाँले धेरै write off भएको छ भन्नु भयो । एकै चोटी ३ अर्ब write off गर्न हुदैनथ्यो । write off गरे पनि book मा write off भयो तर हामी त्यसलाई असुल उपर गर्न ध्यान दिने छौ भन्ने नीति बनाउनु भएको छ । यो वर्षको योजना पनि छ । यो त सदाको लागि निमिट्यान्न हुने होइन ।

- अब एउटा कुरा मेरो सुझावको रूपमा लिनु होला । कालो सूचीमा परेका संस्थाका नाम र amount लेखिदिनुस् । कतिपय हामीले चिनेको मान्छे भए हामी पनि pressure गर्छौ । अर्को अरूले यो यो loan को यति amount write off भएको छ भन्ने सूची दिन्छन् । त्यो list पनि दिनु भए हुन्छ । हामीलाई पनि छर्लङ्ग हुन्छ ।

- यहाँ मैले हेर्दा यो CSR को छ नि । यत्रो पाना । यो report मा ७ पाना खर्च गर्नु भएको छ CSR को लागि हैन त । यो आधा पाना भए पुग्छ । हामीलाई यस्तो त देखाउनै पर्दैन । Total भने हुन्छ । ७–७ पेजको CSR report यो के देखाउन खोज्नु भएको हो बुझ्न सकिएन । एउटा summary दिए हुन्छ नि । झिनामसिना कुरा हाल्नै पर्दैन यो report मा । अरू part ठीकै छ ।

एउटा कुरा यहाँ बाँकी नै छ । अहिले सम्म यो बाँकीको बाँकी नै छ । शेयरधनीहरूले पाउने २९ करोड रूपैया बराबरको नगद लाभाशं अझै हाम्रै

खातामा छ । त्यसलाई चाँहि कसरी हुन्छ खातामा हाल्ने व्यवस्था गरौ । हस यति भन्दै म विदा हुन्छु । धन्यवाद ।

**त्यसैगरी निम्न शेयरधनीहरूले आफ्नो सुझाव र सल्लाह लिखित रूपमा पेश गर्नु भएको थियो ।**

**८.३. श्री चन्द्र नारायण श्रेष्ठ**

**८.४. श्री भक्ति प्रसाद उप्रेती**

**८.५. श्री उत्तम दत्त पाण्डे**

**८.६. श्री नरसिंह लाल चखूँ**

**८.७. प्रो. डा. रामजी प्रसाद पाण्डे**

**८.८. श्री गुणराज भट्ट**

**८.९. श्री सुरेन्द्र चिमौरिया**

**८.१०. श्री भेष राज भण्डारी**

**८.११. श्री लक्ष्मण बहादुर श्रेष्ठ**

**शेयरधनीहरूले लिखित रूपमा पेश गर्नु भएको सुझाव र सल्लाहको साराशं:**

शेयरधनीहरूले बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै सामान्य तथा विशेष प्रस्तावहरूमा समर्थन गर्नुभएर साधारण सभाको सफलताको शुभाकामना दिई लिखित रूपमा निम्न सुझाव र सल्लाह दिनुभयो ।

- Annual Report मा key performance indicators, strengths, achievements एवं activities ले संतोषजनक प्रगति गरेको देखिन्छ । त्यस्तै बैंकले business model, product portfolio, cost and revenue structure, distribution channel, technology and digital infrastructure, customer relationship, human resource management मा सकरात्मक improvement गरेको देखिन्छ ।
- Risk management frame, risk governance structure, risk mitigation and control measures, monitoring and reporting, risk culture and reporting एवं internal control framework जस्ता नीतिगत विधामा कम्पनी अडिग र व्यवाहारिक रहेको कारणले कम्पनीको future outlook, strategy, objectives, code of conduct, ethical principles आदि राम्रो देखिन्छ ।
- यी सवै कुरा हुँदा हुँदै पनि कम्पनी political risk एवं event risk बाट चेत एवं सजग, चनाखो हुनुपर्छ र यसबाट बच्ने तरिका निकाल्नु पर्छ भन्ने advice छ । यी तत्वहरूबाट default risk produced हुन्छ । NBA, NPL, Loan Default बाट Recovery Team लाई भार पर्न जान्छ । Risk Management, Credit Management र Recovery Team बिच

समन्वय गर्दा समेत अनावश्यक परिस्थिति सृजना हुने भएकोले आफ्नो जिम्मेवारी, दायित्व र कर्तव्यवोध बाट टाढा भाग्न नसकिने अवस्था सृजना हुन्छ ।

- Result Oriented Management मा stress दिइ कर्मचारीहरू सबै आफ्नो क्षेत्रमा कर्तव्यनिष्ठ एवं जिम्मेवार र उत्तरदायी भई Performance report लाई study गरी SWOT practice मा व्यवहारमुखी भएर profit oriented र efficient हुनुपर्छ ।

- शाखाहरू नाफामुखी रूपमा संचालन गरी सुशासनयुक्त एवं वित्तीयरूपले अनुशासित हुनु पर्छ । Per Employee Basic Income मा सुधार गर्दै जानुपर्छ । त्यसैले शाखा कार्यालय खोल्न हतार नगर्नुहोला । घाटामा भएका शाखाहरू बन्द गर्ने वा स्थानान्तरण गर्नु पर्छ । नजिकै भएका शाखाहरू मर्ज गर्नु पर्दछ ।

- पुष महिनामै साधारणसभा सम्पन्न गर्नु पर्ने भएकोले भिडभाड भएको छ । समयमै साधारण सभा गर्नुभएको मा धन्यवाद तथा आगामी वार्षिक साधारण सभा प्रथम त्रैमासिक भित्रै गर्न आग्रह गर्दछु ।

- शेयरधनीको चासो लाभाशंको व्यवस्था गरेको/नगरेकोमा हुने गर्छ । यसपटक लाभाशं दिन सक्छ कि भन्ने अपेक्षा थियो तर बैंक त झन नराम्रो स्थिति मा पुगेको देखियो । शेयरधनीहरूले लाभाशं नपाएको लगातार ३ वर्ष भयो । २०८१/८२ मा लाभाशं दिन नसकेपनि आगामी आथिक वर्षमा लाभाशं दिनेमा आशावादी छौं ।

- आवधिक निक्षेप जतिको ब्याज पाइने किसिमको लाभाशं हुनु पर्ने हो । १४ वटा बैंकले प्रतिफल दिएन त्यसमा हिमालयन बैंक पनि पऱ्यो । इतिहासमा दोश्रो पटक संचित मुनाफा ऋणात्मक भएको छ । बैंक संचालक समिति र व्यवस्थापनले रणनीति र अर्थव्यवस्थालाई नियालेर आइपर्ने चुनौतिको सामना गर्न प्रष्ट योजना सहितको कार्यनीति तथा रणनीति बनाउन आवश्यक देखिएको छ ।

- ऋण लिने अनि साँवा, ब्याज तिर्नु पर्दैन भन्दै सडकमा नारा लगाउने अराजक भिडलाई सरकारले कानुनी कारवाही नगरेको कारण ऋणको साँवा ब्याज उठ्न नसक्दा provision मा नाफा गरेको रकम राख्नु परेकोले तथा धितो लिलाम गर्न नसकेको कारणले पनि लाभाशं बाँड्न नसकिएको हो ।

- विग मर्जरमा नेपाल राष्ट्र बैंकको मायालु कुरा, कर कार्यालयको बाङ्गो कुरा र अदालतको फैसला अहिले सम्झनु पर्दछ । मर्जर पछि बैंकको आर्थिक अवस्था, performance क्रमशः बिग्रिएको देख्दा दुःख लागेको छ । के कति कमजोरी भएको हो त्यसलाई सच्च्याएर बैंकलाई अब्वल रूपमा स्थापना गराउनु होला ।

- Unaudited र audited report मा impairment charge करोडौले थप्न लगाउनु, ऋणपत्र कोषमा प्रति वर्ष छुट्याउनु परेको, NPA थुप्रिएकोले र खुद नाफा पनि तल जानु, बाँडफाँट योग्य नाफा ऋणात्मक हुनाले शेयरधनीहरूको dividend zero हुन गयो । शेयरधनीहरूलाई दुःख लाग्नु स्वभाविक हो । आगामी वर्ष देखि शेयरधनीहरूले विगतमा जस्तै लाभाशं दिनुहुनेछ भन्ने आशा गर्न चाहन्छु ।

- Impairment charge गत वर्ष भन्दा १.५ अर्बले कम गर्नु प्रशंसा योग्य भएपनि उठ्न बाँकी साँवा र ब्याज अर्बौ हुनु सोचनीय अवस्था हो । २२ अर्ब ५ करोड Impairment घटाउनु भएमा हामी शेयरधनीहरूले लाभाशं पाउने सक्ने थियौं । गैह्र बैकिङ्ग सम्पत्ति, खराब कर्जा न्यूनतम हुनुपर्छ ।

- बैंकको कुल निक्षेप अघिल्लो वर्षको तुलनामा ५.१५% वृद्धि भएको छ भने कर्जा सापट, कुल सम्पत्ति पनि वृद्धि भएको छ तर तुलनात्मक रूपमा खुद सम्पत्ति निकै कमले वृद्धि भएको हुँदा अलि निराशाजनक भयो । विशेष ध्यान कर्जाको असल गुणस्तरमा दिनुहोला । तर पनि वासलातको आकार १६ अर्बले वृद्धि गर्न सफल भएको छ ।

- खुद ब्याज आम्दानी १०३ करोडले घटे पनि गैह्र ब्याज आम्दानी तर्फको प्रगति सन्तोषजनक छ ।

- बैंकको अन्य संचालन खर्च गत वर्ष भन्दा करिब २ करोडले कम भएको देख्दा खर्च कटौती तर्फ बैंकको ध्यान गएको देखिन्छ ।

- बैंकको operating profit करिब ३.४ अर्ब पुग्नु (करिब ५५ करोडले वृद्धि) खुशीको कुरा हो । Net interest income पनि राम्रो छ । ८८% हाराहारीमा income गरेको छ तर अधिकाशं भाग खर्च वृद्धिका कारण बचत हुन सकेन । Directors expenses मा ८० लाख खर्च गरिएको छ ।

- बैंकले recovery गर्नु पर्ने/गर्न सकिने निम्न बमोजिम ४१.५ अर्ब रूपैया रहेको छ ।

  १. नोक्सानी व्यवस्थामा रहेको कुल रकम २१.९५ अर्ब

  २. गैह्र बैकिङ्ग सम्पत्तिमा रहेको कुल रकम ५.६७ अर्ब

  ३. नियमनकारी कोषमा रहेको कुल रकम ९.९० अर्ब

  ४. अपलेखित कर्जा करिब ४.० अर्ब

- तसर्थ recovery लाई सर्वोच्च प्राथमिकता दिनु पर्ने देखिन्छ । कर्जाको माग कम भई ब्याज आम्दानी बढाउन कठिन भएकोले recovery बाट आम्दानी बढाउनुको विकल्प छैन । बाँकी ६ महिनामा १ अर्ब तथा आ.व. ०८३–०८४ लाई Year of Recovery को रूपमा मनाई करिब ३ अर्ब recovery गर्न सकिएमा ठूलो उपलब्धी हुनेछ ।

- बैंकले सकार गरिलिएको रू. १ अर्ब २९ करोड ७९ लाख बराबरको गैह्र बैंकिङ्ग सम्पत्ति व्यवस्थापन गर्न नेपाल बैकर्स संघबाट नेपाल राष्ट्र बैंकमा भनि Asset Management संस्था खडा गर्नु पऱ्यो । धितो लिलाम गर्न राष्ट्र बैंक तथा नेपाल सरकारले विशेष व्यवस्था गर्नु पर्छ ।

- अन्य operation ठीक भए पनि ठूलो कर्जाहरू अपलेखन गर्नु परेको कारण overall performance खराब बनेको छ । कमाएको सबै रकम (३.४४ अर्ब) अपलेखन गर्नु परेको

(३.३६ अर्ब) कारण बैंकको खुद नाफा करिब १३ करोडमा खुम्चिएको छ । अपलेखित कर्जा असुलीको स्पष्ट कार्ययोजना बनाई ३ वर्ष भित्र आधा अंकमा (२१ अर्ब) मा झार्नु पर्दछ ।

- वितरण योग्य नाफा गत वर्ष ७.४४ अर्ब संचित नोक्सानी रहेकोमा यस वर्ष १.४० अर्ब थप भै ८.८५ अर्ब पुग्नु शुभ संकेत होइन । संचित नोक्सानी २ वर्ष भित्र शुन्यमा झारी त्यस पछिका वर्षमा लाभाशं दिन सक्ने अवस्थामा बैंकलाई पुऱ्याउनु पर्दछ ।
- बैंकिङ्ग Industry मै सबैभन्दा धेरै निष्कृय कर्जा (NPL) हुने बैंकमा हामी परेका छौ । औसत NPL (सबै बैंकको) ४.४४ प्रतिशत भएकोमा हाम्रो करिब ८ प्रतिशत पुग्नु राम्रो मान्न सकिन्न । मध्यकालिन र तत्कालिन रणनीति तय गरी NPL २ वर्ष भित्र ४ प्रतिशतमा झार्ने संकल्पका साथ काम गर्नु पर्दछ । सो घटाउन संचालक समिति र व्यवस्थापन समिति सक्रिय रूपमा लाग्नुहुन अनुरोध गर्दछु ।
- Spread Rate पनि एकदम कम छ । Profit maximizing को उद्वेश्यबाट हटेर welfare को मार्गमा हिंडेको भान भएको छ । Spread Rate ४.००% कै हाराहारी रहने गरी कार्य गरौं ।
- बैंकले करिब ८ अर्बका ३ वटा ऋणपत्र जारी गरेकोमा एउटा ऋणपत्र आउँदो आ.व. ०८३/०८४ को भाद्र महिनामा परिपक्क हुने र उक्त ऋणपत्रको रकम करिब २.५७ अर्ब हुने हुँदा संचित नोक्सानी चाँडो घटाउन मद्दत पुग्नेछ ।
- देशमा शान्ति सुरक्षा तथा उद्योग धन्दा संचालन गर्न अनुकुल वातावरण नभएर आर्थिक गतिविधिमा देखिएको शिथिलताका कारण १२ खर्ब बराबरको लगानी योग्य रकम निक्षेपको रूपमा थुप्रिएको तर ब्याज ओरालो लाग्दा पनि कर्जा विस्तार हुन नसकेकोले राष्ट्र बैंकले २५ अर्बको ऋणपत्र आव्हान गर्दा बैंकहरूले १२ खर्ब २० अर्बको लागि निवेदन पेश गरेको छ । लगानीयोग्य रकम यसरी थुप्रिएको कारण नाफा प्रभावित भएको छ ।
- आ.व. ०८०/०८१ मा प्रति शेयर आम्दानी ५.७२% तर आ.व ०८१/०८२ मा प्रति शेयर आम्दानी ०.६०% मा पुग्यो ।
- सामाजिक उत्तरदायित्व अन्तर्गतको सहयोग वापत रू ७४,८७,०१६.३३ मनासिव देखिन्छ ।
- अपलेखन भएको कुल कर्जा मध्ये रू १,३२,१७,८९१ असुली भएको छ । बैंकमा संस्थागत सुशासन एकदमै राम्रो छ । जेन जी आन्दोलनले के कति क्षति पुऱ्याएको छ सभामा जानकारी दिनुहुन अनुरोध गर्दै प्रतिवेदन अध्ययन गर्दा खर्च धेरै देखिएकोले मितव्ययिता अपनाउन आग्रह गर्दछु ।

कर्मचारी motivation reward/punishment/training तर्फ विशेष ध्यान पुऱ्याएर बैंकको आन्तरिक सुशासनमा ध्यान पुऱ्याउन सके अधोगति तर्फ लागेको बैंक फर्किने थियो ।

## ९. सामूहिक रूपमा अध्यक्षज्यू द्वारा दिइएको प्रत्युत्तरको सारांश :

मेरो मन्तव्यमा मैले स्विकारी सकेको कुरा छ । Dividend नपाउनेमा हामी पनि एउटै डुङ्गामा

छौ । सबै जना हामी शेयरधनीहरूलाई मर्का परेको छ । अब यसमा हामीहरूको strategy के हो त आउने वर्षमा dividend payout को लागि भन्ने हामीले एउटा रणनीति बनाएका छौ । त्यसलाई पछि हामी elaborate गर्ने छौ । तर आज चाँहि म यो बारेमा केही भन्न चाहन्छु ।

- बैंकको Distributable Profit negative भएको कारणले यस वर्ष समेत मुनाफा वितरण गर्न नसकिएकोमा यहाँहरूलाई जस्तै संचालक समितिलाई पनि दुःख लागेको छ । यसमा मुख्यतय ठूलो मात्रामा गर्नु परेको loan loss provision र loan write off ले असर गरेको छ भने हालको अर्थतन्त्रमा देखिएको समस्याको कारणले ब्याज असुली समेत सन्तोषजनक हुन सकेको छैन । यसको साथै बैंकमा जम्मा भएको रू. ६ अर्ब हाराहारीको Non-Banking Asset विक्रिमा विभिन्न समस्या आउँदा सोचेको जस्तो उपलब्धी नभएको हो र यी नै कारणहरूले गर्दा रू. ६ अर्ब भन्दा बढी रकम Distributable Profit बाट निकाली Regulatory Reserve मा Park गर्नु परेको छ । संचालक समिति यी कुराहरू प्रति अत्यन्तै सम्वेदनशील रहेको छ र आगामी दिन यसमा उल्लेख्य सुधार गर्नुपर्ने कुरा प्रति व्यवस्थापनलाई सजक गराउँदै आएको छ । Loan Recovery/Regularisation, Interest Recovery तथा NBA को विक्रिमा व्यवस्थापनले गर्दै गरेको प्रयासलाई नजिकबाट संचालक समितिले नियालिरहेको र आवश्यता अनुसार निर्देशन समेत दिइरहेको छ । यस तर्फ आशातित उपलब्धी प्राप्त गर्न सकेको खण्डमा Capital Reserve अन्तर्गतको रू. १ अर्व ८७ करोड तथा शेयर प्रिमियममा रहेको रू. ५२ करोड ७२ लाखलाई उपयोग गरेर मात्र पनि बैंकले आफ्ना शेयरधनीलाई १० प्रतिशत हाराहारीमा वोनस शेयर दिन सक्षम हुने छ । यो वाहेक Loan Recovery तथा Regularisation बाट loan loss provision बाट फिर्ता हुने रकमले बैंकको Dividend बाड्ने क्षमतालाई अझ बढाउने छ । आजको दिनमा बैंकको Base Rate समेत प्रतिस्पर्धी स्तरमा आइसकेकोले नयाँ कर्जा लगानी केही सहज हुने देखिएकोले त्यसबाट समेत बैंकको आम्दानी बढ्न जाने देखिन्छ । नेपाल राष्ट्र बैंकले हालै आएर दिएको सुविधालाई उपयोग गर्दै केही शाखाहरू Merge गर्ने कार्य भइरहेकोले शाखा संचालन खर्चमा बचत हुन जाने छ भने अन्य खर्चहरूमा समेत मितव्ययिता अपनाउन व्यवस्थापनलाई समितिले निर्देशन दिएको छ । यी सबै प्रयासहरूवाट बैंकको नाफामा उल्लेख्य मात्रामा वृद्धि भई Distributable Profit मा सुधार हुने कुरामा आशावादी छौं ।

- अर्को ठूलो विषय कर्जाहरू अपलेखन गरेको बारेमा छ । अपलेखित कर्जाको छुट्टै अभिलेख राखी असुली प्रयास जारी राखिएको छ । समिक्षा वर्षमा विगत वर्षहरूको अपलेखित कर्जाहरू मध्येबाट रू. १ करोड ३२ लाख १७ हजार असुली भएको छ । समिक्षा वर्षमा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधि भित्र रही रू. ३ अर्ब ३६ करोड ३३ लाख ५८ हजार कर्जा तथा ब्याज अपलेखन गरिएको छ । हाल विद्यमान business environment ले गर्दा कर्जा असुली एक दमै challenging हुँदै गएको र सोही कारणले अपलेखन गरिएको कर्जा रकम अलि बढी हुन गएको हो । तथापी

उक्त रकम Non-Banking Asset take over गरी बाँकी कर्जा रकम book write off मात्रै भएको तथा सो असुलीको लागि DRT मा मुद्दा दायर गर्ने लगायतका विभिन्न प्रयास जारी रहेकोले चालु आर्थिक वर्षमा अपलेखित कर्जा बाट राम्रो असुली हुने अपेक्षा गरिएको छ ।

**१०. निर्णयहरू** :

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा स्पष्ट पार्ने कार्य सकिए पछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम निम्न प्रस्तावहरू सभामा निर्णयार्थ पेश गर्दै ताली बजाएर स्वीकृति प्रदान गर्न अनुरोध गर्नुभयो ।

**क) सामान्य प्रस्ताव**

१) तेत्तीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा–नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरू श्री हिमालयन क्यापिटल लि., श्री हिमालयन सेक्यूरिटज र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) सर्वसम्मतिले पारित भयो ।

३) अध्यक्षज्यूको अनुमतिमा लेखा परिक्षण समितिका संयोजक श्रीमति जेसमीन हाडा बज्राचार्यले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरीक्षण कार्यका लागि लेखापरिक्षक CA Ranjeev & Associates लाई बैंकको लेखा परिक्षकमा नियुक्त गर्ने सो कार्यको सिलसिलामा भइपरी आउने यातायात लगायतमा सम्पूर्ण खर्चहरू समेत गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (ICAN) को Firms Standard and Fee Related Directive, 2078 को मानक अनुसार कुल रू. ४० लाख मात्र (मु. अ. कर बाहेक) पारिश्रमिक तोक्ने प्रस्तावमा ताली बजाएर स्वीकृति प्रदान गर्न अनुरोध गर्नु भएकोमा उपस्थित शेयरधनीहरूको आग्रह अनुसार कुल पारिश्रामिक रू. ४० लाख मात्र (मु. अ. कर सहित) को प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**ख) विशेष प्रस्ताव**

१) बैंकको संस्थापक तथा सर्वसाधारण शेयरधनीको शेयर अनुपात ७०:३० कायम भएको हुँदा परिवर्तित पूँजी संरचनाको अनुपातमा सञ्चालक समितिमा प्रतिनिधित्व गर्न हालको संचालक समितिको विद्यमान संरचनालाई नियामक निकायहरूको निर्देशन बमोजिम परिमार्जन गर्नुपर्ने भएकोमा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (अनुसूचीमा उल्लेख भए बमोजिम) गर्ने तथा सो सम्बन्धमा

गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२) बैंकले आर्थिक वर्ष २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरू र विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. ७४,८७,०१६.३३ (अक्षरेपी चौहत्तर लाख सतासी हजार सोह्र रूपैया तेत्तीस पैसा मात्र) अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरूबाट स्वीकृति लिदा वा अभिलेख गर्ने प्रक्रियामा उक्त निकायहरूले फेरबदल गरेमा आवश्यक समायोजन गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत संचालक समितिलाई अधिकार दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।**

### ११. धन्यवाद ज्ञापनः

अध्यक्षज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुझाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरू प्रति आभार व्यक्त गर्नुभयो ।

### १२. सभा विसर्जन :

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले तेत्तीसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| (विपिन हाडा)<br>कम्पनी सचिव | (प्रचण्ड बहादुर श्रेष्ठ)<br>अध्यक्ष |

# (अनुसूची)
# हिमालयन बैंक लिमिटेडको
# तेत्तीसौ वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा गरिने प्रस्तावित संशोधन मस्यौदा

तेत्तीसौं वार्षिक साधारण सभाबाट विशेष प्रस्ताव अन्तर्गत पारित गर्न हिमालयन बैंकको प्रबन्धपत्रको दफा तथा नियमावलीको नियममा संशोधनको लागि पेश भएका प्रस्ताव निम्न अनुसार छन् ।

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५ (घ) (१) बमोजिम लगानी गर्ने संस्थापकहरूः** | **दफा ५ (घ) (१) बमोजिम लगानी गर्ने संस्थापकहरूः** | संस्थापक समूह हबिब बैंक लि.पाकिस्तानको सम्पूर्ण संस्थापक शेयर बिक्री भएकोले खरिद कर्ता संस्थापक समूहको नाम समावेश गरिएको ।<br>थप घट भएका संस्थापक शेयरधनीहरू अनुसूचीमा समावेश गर्नु पर्ने भएकोले । |
| क ५ उप समूह अन्तरगत हविव बैंक लिमिटेड पाकिस्तान ।<br>क ७ उप समूह अन्तरगतका अन्य व्यक्ति तथा संस्था संस्थापक शेयरधनीहरूको विवरण अनुसूची उल्लेख गरिएको छ । | क ५ उप समूह अन्तरगत नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।<br>क ७ उप समूह अन्तरगतका अन्य व्यक्ति तथा संस्था संस्थापक शेयरधनीहरूको विवरण थपघट भएकोले अनुसूची समावेश गरिएको छ । | |

**नियमावली संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ३ (ख) को (घ) १ बमोजिम लगानी गर्ने संस्थापकहरू** | **नियम ३ (ख) को (घ) १ बमोजिम लगानी गर्ने संस्थापकहरू** | हबिब बैंक लि.पाकिस्तानको सम्पूर्ण संस्थापक शेयर बिक्री भएकोले खरिद कर्ताको नाम समावेश गरिएको ।<br>संस्थापक शेयरधनीहरू थप घट भएकोले । |
| क ५ उप समूह अन्तरगत हविव बैंक लिमिटेड पाकिस्तान ।<br>क ७ उप समूह अन्तर्गतका अन्य व्यक्ति तथा संस्था संस्थापक शेयरधनीहरूको विवरण अनुसूची उल्लेख गरिएको छ । | क ५ उप समूह अन्तर्गत नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।<br>क ७ उप समूह अन्तर्गतका अन्य व्यक्ति तथा संस्था संस्थापक शेयरधनीहरूको विवरण थपघट भएकोले अनुसूचीमा उल्लेख गरिएको छ । | |
| **नियम ८. संचालकको संख्या र कार्यकाल** | **नियम ८. संचालकको संख्या र कार्यकाल** | |
| (क) संस्थापक शेयरधनी समूहबाट मनोनित/ निर्वाचित ५ जना<br>(ख) सर्वसाधारण शेयरधनी समूहबाट मनोनित/ निर्वाचित-१ जना<br>(ङ) हाल नरहेको | (क) संस्थापक शेयरधनी समूहबाट मनोनित/ निर्वाचित-४ जना<br>(ख) सर्वसाधारण शेयरधनी समूहबाट मनोनित/ निर्वाचित-२ जना<br>(ङ) संचालकको कार्यकाल बढीमा ४ (चार) वर्षको हुन सक्नेछ र निज पुनः मनोनित/निर्वाचित हुन सक्नेछ । तर स्वतन्त्र संचालक पुनः नियुक्ति तथा मनोनित हुन सक्ने छैन । | बैंकको विद्यमान पूँजी संरचनामा संस्थापक समूह र सर्वसाधारण समूहको पूँजी संरचनाको अनुपात ७०:३० कायम भएकोले नियामक निकाय धितो पत्र बोर्डको निर्देशन अनुसार सर्वसाधारण समूह तर्फ संचालक १ थप गरिएको ।<br>संचालकको कार्यकाल नियमावलीमा थप स्पष्ट गरिएको । |

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ११ संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरेको भएः बैंकको संचालकहरूको नियुक्ति देहायबमोजिम हुनेछ ।** | **नियम ११ संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरेको भएः बैंकको संचालकहरूको नियुक्ति देहायबमोजिम हुनेछ ।** | |
| (क) संस्थापक शेयरधनी समूहबाट मनोनित/निर्वाचित ५ जना<br>(ख) सर्वसाधारण शेयरधनी समूहबाट मनोनित/निर्वाचित-१ जना | (क) संस्थापक शेयरधनी समूहबाट मनोनित/निर्वाचित-४ जना<br>ख) सर्वसाधारण शेयरधनी समूहबाट मनोनित/निर्वाचित -२ जना | बैंकको विद्यमान पूँजी संरचनामा संस्थापक समूह र सर्वसाधारण समूहको पूँजी संरचनाको अनुपात ७०:३० कायम भएकोले नियामक निकाय धितो पत्र बोर्डको निर्देशन अनुसार सर्वसाधारण समूह तर्फ संचालक १ थप गरिएको । |

**बैंकको ३३ औं साधारण सभाबाट पारित प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतको लागि पेश हुँदा नेपाल राष्ट्र बैंकको मिति २०८२/११/१३ को पत्र संः बैं.वि.नि.वि./बिआर–२/हिमालयन/६/०८२/०८३ को पत्र अनुसार उपरोक्त संशोधनहरू नेपाल राष्ट्र बैंकबाट अनुमोदन भएको छ ।**

**संशोधनको विवरण तल उल्लेख गरिएको छ ।**

**प्रबन्धपत्रतर्फ**

| प्रस्तावित व्यवस्था | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|
| **दफा ५ (घ) (१) बमोजिम लगानी गर्ने संस्थापकहरूः** | **दफा ५ (घ) (१) बमोजिम लगानी गर्ने संस्थापकहरूः** |
| क ५ उप समूह अन्तरगत नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।<br>क ७ उप समूह अन्तरगतका अन्य व्यक्ति तथा संस्था संस्थापक शेयरधनीहरूको विवरण थपघट भएकोले अनुसूचीमा समावेश गरिएको छ । | क ५ उप समूह अन्तरगत नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।<br>क ७ उप समूह अन्तरगतका अन्य व्यक्ति तथा संस्था संस्थापक शेयरधनीहरूको विवरण थपघट भएकोले अनुसूचीमा समावेश गरिएको छ । |

**नियमावली तर्फः**

| प्रस्तावित व्यवस्था | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|
| **नियम ३ (ख) को (घ) १ बमोजिम लगानी गर्ने संस्थापकहरू** | **नियम ३ (ख) को (घ) १ बमोजिम लगानी गर्ने संस्थापकहरू** |
| क ५ उप समूह अन्तर्गत नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।<br>क ७ उप समूह अन्तर्गतका अन्य व्यक्ति तथा संस्था संस्थापक शेयरधनीहरूको विवरण थपघट भएकोले अनुसूचीमा उल्लेख गरिएको छ । | क ५ उप समूह अन्तर्गत नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।<br>क ७ उप समूह अन्तर्गतका अन्य व्यक्ति तथा संस्था संस्थापक शेयरधनीहरूको विवरण थपघट भएकोले अनुसूचीमा उल्लेख गरिएको छ । |
| **नियम ८. संचालकको संख्या र कार्यकाल** | **नियम ८. संचालकको संख्या र कार्यकाल** |
| (क) संस्थापक शेयरधनी समूहबाट मनोनित/ निर्वाचित-४ जना<br>(ख) सर्वसाधारण शेयरधनी समूहबाट मनोनित/ निर्वाचित -२ जना<br>(ङ) संचालकको कार्यकाल बढीमा ४ (चार) वर्षको हुन सक्नेछ र निज पुनः मनोनित/निर्वाचित हुन सक्नेछ । तर स्वतन्त्र संचालक पुनः नियक्ति तथा मनोनित हुन सक्ने छैन । | (क) संस्थापक शेयरधनी समूहबाट मनोनित/ निर्वाचित-४ जना<br>(ख) सर्वसाधारण शेयरधनी समूहबाट मनोनित/ निर्वाचित -२ जना<br>(ङ) संचालकको कार्यकाल बढीमा ४ (चार) वर्षको हुन सक्नेछ र निज पुनः मनोनित/निर्वाचित हुन सक्नेछ । तर स्वतन्त्र संचालक पुनः नियुक्ति तथा मनोनित हुन सक्ने छैन । |
| **नियम ११ संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरेको भएः बैंकको संचालकहरूको नियुक्ति देहायबमोजिम हुनेछ ।** | **नियम ११ संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गरेको भएः बैंकको संचालकहरूको नियुक्ति देहायबमोजिम हुनेछ ।** |
| (क) संस्थापक शेयरधनी समूहबाट मनोनित/ निर्वाचित-४ जना<br>ख) सर्वसाधारण शेयरधनी समूहबाट मनोनित/ निर्वाचित -२ जना | (क) संस्थापक शेयरधनी समूहबाट मनोनित/ निर्वाचित-४ जना<br>ख) सर्वसाधारण शेयरधनी समूहबाट मनोनित/ निर्वाचित -२ जना |

# केन्द्रीय कार्यालय

कमलादी, काठमाडौं
बाग्मती प्रदेश
फोन नं : ०१-५९७१३४६

## कोशी प्रदेशका शाखाहरु :

अर्जुनधारा
भद्रपुर
विराटचोक
विराटनगर
रोडशेष चोक, विराटनगर
विर्तामोड
दमक
दमक (२)
धरान
धरान (२)
दुधे
दुहबी
गाईघाट
हिले
हिलिहाङ्ग
ईटहरी
इनरुवा
मादी
माईजोगमाई
ओखलढुङ्गा
फिदीम
पुष्पलाल चोक
रबी मिक्लजुङ्ग
सुनवर्सी
सुरुङ्गा
उर्लावारी
याङवरक

## मधेश प्रदेशका शाखाहरु :

बारागढी
बर्दिवास
वीरगञ्ज
बाइपास रोड, वीरगञ्ज
चन्द्रपुर
ढल्केवर
धनगढीमाई
धनकौल
गञ्जभवानीपूर
गरुडा
गोलबजार
जनकपुर
पिडारी चोक, जनकपुर
जितपुर (सिमरा)
कलैया
लाहान
मलङ्गवा
निजगढ
पकाह मैनपुर
प्रसौनी
सुवर्ण

## वागमती प्रदेशका शाखाहरु :

हिटी दरबार
सि.टि.सि सुन्धारा
अनामनगर
अत्तरखेल
बनेपा
पनौती, काभ्रे
बाङ्गेमुडा
बाह्रबिसे
बत्तिसपुतली
बेत्रावती
भैसेपाटी
भक्तपुर
भिमसेनस्थान
बौद्ध
चाबहिल
बालुवाटार
चरीकोट
दौवहाल
धादिङ्ग
धुलिखेल
डिल्लीबजार
गौरीशकंर
हात्तीगौडा
गोठाटार
हेटौंडा
हर्नामणी, हेटौडा
सुनाकोठी
झम्सिखेल
कलंकी
कमलादी
कपन
कौशलटार
खुरखुरे
खुर्कोट
किर्तिपुर
कुलेश्वर
कुमारीपाटी
महाराजगञ्ज
मेलम्ची
मध्य बानेश्वर
म्यागङ्
नखीपोट
नारायणगढ
भरतपुर
नयाँ बानेश्वर
कोटेश्वर

न्यूरोड
ठमेल
पार्वतीपुर
पर्सा
पाटन
पाटन सुन्धारा
पुतलीसडक
सामाखुशी
साँखु
सातदोवाटो
सिन्धुली
सोह्रखुट्टे
सुकेधारा
सूर्यविनायक
स्वंयम्भू (हलचोक)
बालाजु
टाँडी
तारकेश्वर
टेकु
टोखा
थापाथली
त्रिशुली

## गण्डकी प्रदेशका शाखाहरु :

पोखरा (न्यूरोड)
पोखरा (रामबजार)
पोखरा (पृथ्वीचोक)
लामाचौर
शिवचोक, पोखरा
आरुघाट
बाग्लुङ्ग
बेशीशहर
भुलभुले
दमौली
धार्चे
दुधपोखरी
गोरखा
कावासोती
गोछडा
लेखनाथ
मालिङ्ग
राइनस

## लुम्बिनी प्रदेशका शाखाहरु :

भैरहवा
बुद्धचोक, भैरहवा
बिजुवार
बुटवल
कालिकानगर
घोराही
कपिलवस्तु (जितपूर)
कोहलपूर
लालमटिया
लमही
माण्डवी
मणीग्राम
नेपालगञ्ज
न्यूरोड, नेपालगंज
पाल्पा
राप्तीसोनारी
सितला बजार
सुनवल
ठाकुरद्धारा
तुलसीपुर

## कर्णाली प्रदेशका शाखाहरु :

भैरवी
छिन्चु
कुमाख
मुसिकोट
सल्यान
जाजरकोट (शिवालय)
सुर्खेत

## सुदुरपश्चिम प्रदेशका शाखाहरु :

आदर्श
अत्तरीया
बान्नीगढी जयगढ
भजनी
छेडेदह
धनगढी
धनगढी (२)
जगन्नाथ
जानकी
लम्की
महेन्द्रनगर
स्वामीकार्तिक
टिकापुर

## विस्तारीत काउन्टर

वाणिज्य विभाग बबहरमहल
देवदह
फिक्कल
गछिया
गंगालाल
गौरीघाट
गौतम बुद्ध विमानस्थल, भैरहवा
ककनी
राप्तीसोनारी
रुम्जाटार (यातायात विभाग)

| | |
|---|---|
| सिनम | यातायात कार्यालय एकान्तकुना |
| त्रिशुली (जिल्ला अस्पताल) | कोहलपुर (मालपोत कार्यालय) |

---

## कल सेन्टर

कमलादी, काठमाडौं

बागमती प्रदेश

फोन नं : ०१-५९७००८९

## प्रतिनिधि कार्यालय

वीस्मा मरान - दोस्रो तल्ला

क्वालालम्पुर, मलेसिया

फोन नं : +६०३२०२२३६६४

## कार्ड सेन्टर

कमलादी, काठमाडौं

बागमती प्रदेश

फोन नं : ०१-५३४५९७९, ०१-५३४५९८०, ०१-५९७१३९८

भाइबर नं : ९८०३५६०८३८

टोल फ्री नं : १६६००११२०००

## रेमिट्यान्स सेन्टर

कमलादी, काठमाडौं

बागमती प्रदेश

फोन नं : ०१-५९७१३७८, ५९७१३५५

टोल फ्री नं : १६६००१११०००